कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ६ मितिः २०७६/०५/२०


**भाग-२**

**कालिका गाउँपालिका**

## शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्य विधि २०७६

**प्रस्तावना :**शिक्षक तथा कर्मचारी छनौट प्रक्रियालाई व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी बालबालिकाहरूको पढ्न पाउने अधिकारको सुनिश्चित गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र सामुदायिक विद्यालयमा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न कालिका गाउँपालिकाको प्रसाकिय कार्य विधि नियमित गर्ने ऐन २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कालिका गाँउपालीकाको शिक्षा नियमावली २०७४ र स्थानीय सरकार सञ्चालन व्यवस्थापन कार्यविधि २०७४ को दफा १०२ को अधिकार अनुसार कालकिा गाउँ शिक्षा नियमावली २०७४ मा उल्लेख भएको शिक्षक तथा कर्मचारी नियुक्ती सम्बन्धी व्यवस्थालाई थप स्पष्ट पार्न वाञ्छनिय देखिएकाले यो कार्य विधि जारी गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि २०७६" रहेको छ । यो कालिका गाउँ पालिकाले अनुमोदन गरेपछि तुरुन्त कार्यन्वयनमा लगिने छ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले कालिका गाउँपालिका सम्झनुपर्छ ।

(ख) "शिक्षक" भन्नाले शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०७६ बमोजिम नियुक्त करार शिक्षकलाई सम्झनुपर्छ । यसले वालविकास कक्षाका सहयोगी कार्यकर्ता , सुत्केरी सट्टा शिक्षक, विद्यालय कर्मचारी तथा विद्यालय सहयोगी समेतलाइ सम्झनुपर्ने छ ।

(ग) "विद्यालय" भन्नाले कक्षा १ देखि कक्षा १२ सम्मको शैक्षिक संरचनालाई सम्भलनु पर्नेछ ।

(घ) "आधारभूत तह" भन्नाले कक्षा १देखि कक्षा ८ सम्मको विद्यालय सम्झनु पर्नेछ ।

(ङ) "माध्यमिक तह" भन्नाले कक्षा ९ देखि १२ सम्मको शिक्षा दिने विद्यालय सम्झनु पर्नेछ।

(च) "विशेषज्ञ" भन्नाले आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९- १२) सम्म शिक्षक छनौट परीक्षा सञ्चालनको लागि पालिकाबाट सूचिकृत भएका विशेषज्ञहरु सम्झनु पर्नेछ

(छ) "शिक्षक छनोट समिति" भन्नाले परिच्छेद २ को दफा ३(१) बमोजिमको समिति भन्ने सम्झनुपर्छ।

(ज) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ।

(ञ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सम्बन्धित विद्यालयको व्यवस्थापन समिति सम्झनुपर्छ।

(ट) "शाखा" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(ठ) "शिक्षा शाखा प्रमुख भन्नाले गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखलाइ सम्झनुपर्छ।

(ड)"कर्मचारी" भन्नाले विद्यालय कर्मचारी भन्ने सम्झनुपर्छ।

(ढ) "प्रधानाध्यापक" भन्नाले सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई सम्झनुपर्छ।

(ण) सुत्केरी सट्टा शिक्षक : भन्नाले विद्यालयमा कार्यरत शिक्षिका सुत्केरी विदामा वस्नु परेको अवस्थामा नियुक्त हुने शिक्षकलाई सुत्केरी सट्टा शिक्षक बुझिन्छ।

## परिच्छेद- २
## शिक्षकतथा कर्मचारी छनोट समिति

**३. शिक्षक तथा कर्मचारी छनोट समिति :**

(१) सामुदायिक विद्यालयमा करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक छनोट समिति गठन गरिने छ :-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा शाखा वा अधिकृत स्तरको कर्मचारी -सदस्य

(ग) विषय विज्ञको सूची मध्येबाट गोला प्रथाबाट परीक्षा हुनु भन्दा बढिमा ६ घण्टा अगाडि खण्ड (ख) बमोजिमको अधिकृत प्रतिनिधिको रोहबरमा छनौट गरेको विज्ञ २ जना - सदस्य

(घ) वडा शिक्षा समितिका अध्यक्ष - सदस्य

(ङ) प्रधानाध्यापक - सदस्य सचिव

(२) उप दफा (१) को खण्ड (ग) बमोजिमको विज्ञको छनोट गाउँपालिकाबाट देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाले प्रत्येक वर्ष चैत्र मसान्त भित्र विषय विज्ञहरुको सूची अद्यावधिक गर्नेछ। तर पहिलो पटकको लागि भने यस कार्यविधि पारित भएको एक महिना भित्र विज्ञहरुको सूची तय गरिनेछ।

(ख) विषयविज्ञको सूचीमा सूचिकृत हुनको लागि इच्छुक व्यक्तिले आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसारका सम्बन्धित तह तथा विषयको एक/एक थान उत्तर कुन्जिका सहितको प्रश्नपत्र गाउँपालिकामा बुझाउनु पर्नेछ।

(ग) सूचिकृत विषयविज्ञहरु शिक्षक भए सम्बन्धित विद्यालयमा विषयविज्ञको रुपमा मनोनित हुन पाइने छैन।

(घ) कुनै विषयको विज्ञ गाउँपालिका भित्रबाट ४ जना भन्दा कम मात्र उपलब्ध भएमा अन्यत्रबाट पनि विज्ञ लिएर कार्य सम्पादन गर्न सकिनेछ।

(३) दफा २ (१)को खण्ड (ग) बमोजिमका विषय विज्ञको योग्यता देहाय बमोजिम हुनेछ :

(क) आधारभूत तहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको र माध्यमिक तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको।

(ख) कार्यरत शिक्षकको हकमा माध्यमिक तहमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरेको।

(ग) अवकाश प्राप्त शिक्षकको हकमा कम्तिमा माध्यमिक तहमा ५ वर्ष स्थायी सेवा गरी अवकाश भएको।

(घ) शिक्षा सेवामा कम्तिमा अधिकृत तहमा ५ वर्ष स्थायी सेवा गरी सेवा निवृत्त ।

(ङ) विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा कम्तिमा ५ वर्ष सेवा गरेका कार्यरत वा सेवा निवृत्त अध्यापक ।

(४) दफा ३ (१) को खण्ड ग बमोजिमका मनोनित सदस्यको पदावधि सो छनोट कार्य पुरा नहुँदासम्म रहने छ ।

(५) शिक्षक छनोट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(६) शिक्षा शाखाले दफा ३ (१) को खण्ड (ग) का लागि विज्ञहरूको सूची तयार गरी राख्नु पर्नेछ । सो सूची प्रत्येक वर्ष परिमार्जन गरिने छ ।

(७) करारमा शिक्षक छनोटका लागि लिइने परीक्षाको केन्द्र नगरपालिकाले तोकेको स्थानमा हुनेछ ।

(८) आयोगले शिक्षक छनोट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनोट समितले त्यस्तो मापदण्डवा कार्यविधि पालन गर्नुपर्नेछ ।

(९) शिक्षक छनोट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

## परिच्छेद- ३
## शिक्षक तथा कर्मचारीछनोटसम्बन्धी व्यवस्था

**४. करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थाः**(१) विद्यालयले शिक्षक,सुत्केरी सट्टा शिक्षक तथा कर्मचारी पद रिक्त भएको ७ दिन भित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पद रिक्त हुनाको कारण खुलाइ गाउँपालिकासँग करारमा शिक्षक नियुक्तिका लागि सूचिकृत शिक्षक विवरणबाट प्राथमिकताका आधारमा उपलब्ध गराउन माग गर्नु पर्नेछ ।

(२) गाउँपालकिाबाट विवरण प्राप्त भएपछि ७ दिनभित्र विद्यालयमा हाजिर हुन सूचना दिनु पर्नेछ ।

(३) प्राप्त निवेदनहरु मध्ये शिक्षक सेवा आयोगबाट प्रकासित अस्थायी सूचिमा समावेस भएका उम्मेदवारहरु भएमा विद्यालय व्यवस्थापन समितिले बढीमा एक वर्षका लागि करारमा शिक्षक नियुक्ति गर्नेछ । तर त्यस्तो सूचिमा समावेस उम्मेदवार नभएमा शिक्षक छनोट समिति गाउँपालिकाले सूचिकृत सूचिबाट प्राथमिकताका आधारमा छनद्यट गर्नु पर्नेछ ।

(४) दफा४ को (२) र (३) बमोजिम शिक्षक नियुक्ति गर्नेसम्बन्धी सार्वजनिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै गाउँपालिका, वडा कार्यालय र विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ र सोको मुचुल्का समावेस गर्नु पर्नेछ ।

(५) दफा ४को (३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेस गर्नु पर्नेछ ।

(६) विद्यालयले यस कार्यविधि बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी शाखालाई दिनु पर्नेछ र शाखाले सोको अभिलेख राख्नुपर्नेछ ।

(७) दफा ४ (२) वा ४ (३) बमोजिम करारमा शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्र सम्म पनि रित्त पदमा स्थायी पद पूर्ति नभएमा स्थायी पद पूर्ति नभएसम्मका लागि एक पटकमा एक वर्षमा नबढाई व्यवस्थापन समितिले करारको म्याद थप गर्न सक्ने छ ।

(८) दफा४ (६) बमोजिम करार गरिएको जानकारी विद्यालयले शाखालाई दिनु पर्नेछ ।

(९)यस कार्यविधि वमोजिमको प्रक्रिया नपुर्‍याई शिक्षक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी नियुक्ति कर्तालाई प्रचलति ऐन, कानुन बमोजिमकोकारबाही गरिनेछ।

(१०) शिक्षक छनोटका लागि उम्मेदवारले आवेदन सम्बन्धीत विद्यालयमा दर्ता गर्नुपर्नेछ ।

(११) शिक्षक छनोट सम्बन्धी परीक्षाको आवेदन शुल्क, छनोट समितिका पदाधिकारीहरुको पारिश्रमिक र बैठक भत्ता व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

(१२) विद्यालय कर्मचारी तथा वालविकास सहयोगी कार्यकर्ताको नियुक्ति प्रकिया परिच्छेद ३ को दफा ४ को उपदफा ४ देखि ४(११) सम्मको प्रक्रिया अपनाइ गर्नुपर्नेछ ।

(१३) तर एकभन्दा बढी विद्यालयको विद्यालय ब्यवस्थापन समितिले समान तह र समान विषयको परीक्षा संचालनका लागि नगरपालिकालाइ अनुरोध गरेमा नगरपालिकाले सामूहिक रुपमा परीक्षा संचालन गर्न सकिनेछ ।

**५. उम्मेद्वार बन्नका लागि योग्यता र तालिम :** (१) करार शिक्षकमा उम्मेद्वार हुनका लागि देहाय बमोजिमको न्युनतम शैक्षिक योग्यता र तालिम प्राप्त हुनु पर्नेछ :

(क) आधारभूत तह : मान्यता प्राप्त शिक्षण संस्थाबाटस्नातक तहवा सोसरह उत्तीर्ण र तालिम प्राप्त ।

(ख) माध्यमिक तह : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

(२) दफा ५ (१) बमोजिम तालिम प्राप्त हुनका लागि शिक्षण पेसासँग सम्बन्धित १० महिना अवधिको तालिम पुरा गरेको हुनु पर्नेछ । शिक्षा शास्त्र विषय लिई शिक्षक बन्नका लागि आवश्यक न्युनतम वा सोभन्दा माथिको योग्यता हासिल गरेका व्यक्तिलाई भने तालिम प्राप्त मानिने छ ।

(३) उम्मेद्वारका लागि अयोग्यता : देहायका व्यक्तिहरू शिक्षक पदमा नियुक्त हुनका लागि योग्य हुने छैनन् :

(क) गैर नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पूरा भएको,

(घ) मगज विग्रेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(च) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त भएको,

(छ) अध्यापन अनुमतिपत्र नलिएको ।

**६. लिखित परीक्षा सम्बन्धी व्यवस्थाः**(१) शिक्षक छनोटका लागि लिखित परीक्षा लिँदा शिक्षक सेवा आयोगले स्थायी शिक्षक छनोटका लागि तय गरेको पाठ्यक्रमलाई नै प्रयोग गर्नु पर्नेछ ।

(२) दफा ४ (३) बमोजिम करारमा शिक्षक छनोट गर्दा लिखित परीक्षा र अन्तर्वार्ताका माध्यमबाट छनोट गरिने छ ।

(३) दफा६ (१) बमोजिमकोलिखित परीक्षाको प्रश्नपत्रमा ४० पूर्णाङ्कको खण्ड क र ६० पूर्णाङ्कको खण्ड ख गरी २ ओटा खण्ड हुनेछ । खण्ड क मा प्रति प्रश्न १ पूर्णाङ्क भएका ४० ओटा बहुबैकल्पिक प्रश्न र खण्ड ख मा प्रति प्रश्न १० पूर्णाङ्कका ६ ओटा विषयगत प्रश्न समावेश हुनेछ । दफा ६ (१) बमोजिमको पाठ्यक्रमबाट तत्कालै प्रश्नपत्र तयार गर्नु पर्नेछ ।

(४) दफा६ (१) बमोजिमको लिखित परीक्षाको उत्तीर्णाङ्क ४० हुनेछ ।उत्तीर्ण हुनका लागि दुबै खण्डको प्राप्ताङ्कको जोडफलका आधारमा गणना गरिने छ ।

(५) दफा ६ (२) बमोजिमको लिखित परीक्षामा उत्तीर्ण भई सबैभन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने उम्मेद्वारमध्येबाट आवश्यक सङ्ख्यामा २ जना उम्मेद्वार थप गरी नेपाली वर्णानुक्रम अनुसार नतिजा प्रकाशन गर्नु पर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा अन्तिम उम्मेद्वारसँग बरावर अङ्क प्राप्त गर्ने सबै उम्मेद्वारलाई नतिजामा समावेश गर्नुपर्नेछ ।

(६) दफा ६ (४) बमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अन्तर्वार्ता हुने मिति र समय समेत प्रकाशन गर्नु पर्नेछ ।

**७ अन्तर्वार्ता सम्बन्धी व्यवस्था** : (१) दफा ६ (५) बमोजिम अन्तर्वार्ता लिनका लागि शिक्षक छनोट समितिका अध्यक्षको अध्यक्षतामा विज्ञहरू मध्ये १ जना, गाउँपालिकाका प्रतिनिधि १ जना र विद्यालयका प्रअ रहेको १ अन्तर्वार्ता समिति गठन गरिने छ ।

(२) अन्तर्वार्ताका लागि छुट्याइएको २५ अङ्क देहाय बमोजिम दिइने छ :

(क) अनुभव वापत सोही तहको अस्थायी वा राहत अनुदान कोटा अन्तर्गतको शिक्षकको रूपमा काम गरे वापत प्रत्येक वर्षको १ अङ्कका दरले बढीमा १२ अङ्क प्रदान गर्ने,

(ख) शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको न्युनतम् शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३, द्वितीय श्रेणी भए २ र तृतीय श्रेणी भए १ अङ्कका दरले बढीमा ३ अङ्क प्रदान गर्ने,

(ग)अन्तर्वार्ता वापत बढीमा १० अङ्क ।

तर अन्तर्वार्ता वापतको अङ्क प्रदान गर्दा३५% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिनु पर्ने भएमा त्यस्तो अङ्क प्रदान गर्नु पर्ने कारण उल्लेख गर्नुपर्दछ । यसरी अङ्क प्रदान गर्दा ३ जना विज्ञले त्यस्तो अङ्क प्रदान गरेको भए मात्र मान्य हुनेछ अन्यथा ३.५ देखि ७ अङ्कबीच मै कायम रहन्छ ।

(३) अन्तर्वार्तामा ४ जना विज्ञले दिएको अङ्कबाट औसत अङ्क गणना गरिने छ । लिखित परीक्षामा प्राप्त गरेको अङ्कमा

अन्तर्वार्ता, शैक्षिक योग्यता र अनुभवको अङ्क जोडेर सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारलाई सफल उम्मेद्वार र बाँकी उम्मेद्वार मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सफल उम्मेद्वार जत्तिकै सङख्यामा वैकल्पिक उम्मेद्वारका रूपमा अन्तिम नतिजा प्रकाशित गरिने छ ।

(४) शिक्षक छनोट समितिले व्यवस्थापन समितिसमक्ष सफल उम्मेद्वारलाई नियुक्तिका लागि सिफारिस गर्नेछ ।

**८. नियुक्ति** : (१) दफा७ (४) बमोजिम शिक्षक छनोट समितिले सिफारिस गरेको सफल उम्मेद्वारलाई व्यवस्थापन समितिले १ हप्ता भित्रमा करार संझौता सहित नियुक्तिपत्र दिनु पर्नेछ । नियुक्ति पत्रमाकार्यविवरण समेत दिनुपर्नेछ ।

(२) शिफारिस भएको मुख्य उम्मेदवारले नियुक्तिपत्र बुझेको ३ दिनभित्र विद्यालयमा हाजिर नभएमा व्यवस्थापन समितिले वैकल्पिक उम्मेदवारलाइ नियुक्तिपत्र दिनेछ ।

९.**परीक्षा** : शिक्षक नियुक्ति सम्बन्धी सवै किसिमका परीक्षाहरु गाउँपालिकामा हुनेछ ।

**परिच्छेद- ४**

**विविध**

९.यस कार्यविधिको ब्याख्या गर्ने अधिकार गाउँपालिकालाई हुनेछ ।

१०. यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा नगरपालिकाको ऐन नियमावली, निर्देशिका र शिक्षक सेवा आयोगको नियमावलीमा भएको व्यवस्थाअनुसार हुनेछ ।

११.शिक्षक छनोट सम्बन्धी पाठ्यकम परीक्षा र मूल्याङकन सम्बन्धी व्यवस्थामा शिक्षक सेवा आयोगबाट कुनै परिवर्तन भएमा करार शिक्षक छनौट विधि सोही बमोजिम हुनेछ ।

१२. यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

परिच्छेद ५

सुत्केरी सट्टा शिक्षक

१। वाल विकास सहजकर्ता,सवै किसिमका शिक्षिका सुत्केरी भएर विद्यालय व्यवस्थापन समितिले विदा स्वीकृत गरेपछि विद्यार्थीहरुको पढाईलाई नियमित गराउन नियुक्त हुने शिक्षकलाई सुत्केरी सट्टा शिक्षक भनिन्छ ।

(२) सुत्केरी सट्टा शिक्षक किसिम

| किसिम | अवधि | योग्यता | मासिक सुबिधा |
|---|---|---|---|
| वाल विकास | ९० दिन | एसइइ | ६००० |
| प्राथमिक | ९० दिन | आई एड | १२००० |
| निम्न माध्यमिक र माध्यमिक | ९० दिन | निम्न माध्यमिक र माध्यमिक | १५००० |

**प्रमाणीकरण मितिः** २०७६/०५/१३ **स्वीकृत मितिः** २०७६/०५/१०

**आज्ञाले,**

शर्मिला न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत